**देवाही गोनाही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**प्रेमपुर गोनाही , सर्लाही**
**प्रदेश नं. २ नेपाल**

## यान्त्रिक उपकरण आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशन मिति :-२०७७/०२/१० गते)**

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख यान्त्रिक उपकरण सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिन सम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वाअधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN)प्रमाणित प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र , उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को बोलपत्र दस्तुर रु.३०००।-(पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।

४)बोलपत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा नेपाल बङ्गलादेश बैंक देवाही शाखामा रहेको धरौटी खाता नं. ०७४०००००८४१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वानिजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)अलग अलग ठेक्काको अलग अलग बोलपत्र फारम अलग अलग खाममा खामबन्दी गरी ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम राखी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । तर एउटै खाममा एक भन्दा बढी शिलबन्दी बोलपत्र दाखिलाभएमा सो शिलबन्दी बोलपत्रलाई मान्यता दिइने छैन ।

७)प्राप्त बोलपत्र स्वीकृत गर्ने वान गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८)बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१०)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियमअनुसार हुनेछ।

११)बोलपत्र सम्बन्धी थपजानकारीका लागी यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्रफारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७६/०७७ | सवारी साधन जिप 4WD (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,३५,०००। |
| ०२/२०७६/०७७ | सवारी साधन जिप 2WD (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,२५,०००। |
| ०३/२०७६/०७७ | एम्बुलेन्स (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | २५,०००। |
| ०४/२०७६/०७७ | ब्याक हो लोडर (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,१०,०००। |
| ०५/२०७६/०७७ | मोटरसाइकल (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थन ३ (तिन) | ३,०००/- | १८,०००। |
| ०६/२०७६/०७७ | ट्रेक्टर (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | ३५,०००। |

प्रमुख प्रशासकिय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**